**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय हात्तिगौडा, काठमाण्डौका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०१/२९ गते मंगलबारको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय हात्तिगौडा, काठमाण्डौमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन तर्थात् मिति २०८३/०३/०९ गते मंगलबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय हत्तिगौडा, काठमाण्डौंमा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरणः**

**ऋणी :** प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंमा प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम मिति २०७७/०९/१९ मा प्रा.फ. दर्ता नं. १०५१ कायम भई, नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय महाराजगंजबाट मिति २०७७/०९/२२ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१४७३३५१० नं. को प्रमाणपत्र प्राप्त प्राप्त **जमुना क्याफे** ।

**रजिष्टर्ड ठेगाना :** काठमाण्डौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं. ३, नारायण थान ।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : आङ डोल्मा तामाङ** (ना.प्र.नं. ३०१०३७/१५८९३, जारी मिति २०६३/११/२७, जि.प्र.का. काभ्रेपलान्चोक) । ठेगाना : काभ्रेपलान्चोक जिल्ला, धुलिखेल न.पा. वडा नं. ८ (साविक धुलिखेल न.पा. वडा नं. १) । बाबु : सिद्धिमान लामा । पति : आङ दोर्जे तामाङ । ससुरा : मान बहादुर तामाङ । | **जमानतकर्ता : आङ दोर्जे तामाङ** (ना.प्र.नं. ३०१०३७-१५८८९७ काभ्रेपलान्चोक, जारी मिति २०६३/११/२५, प्रथम प्रतिलिपि जारी मिति २०७७/१२/२६, जि.प्र.का दोलखा) । ठेगाना : दोलखा जिल्ला, शैलुङ गा.पा., वडा नं. २ । बाबु : मान बहादुर तामाङ । बाजे : कृष्ण बहादुर तामाङ । |
| **जमानतकर्ता : आङ लाक्पा तामाङ** (ना.प्र.नं. ३७७७४/३७९३ दोलखा, जारी मिति २०६१/०८/३०, प्रथम प्रतिलिपि जारी मिति २०७०/०४/२८, जि.प्र.का दोलखा) । ठेगानाः दोलखा जिल्ला, शैलुङ गा.पा., वडा नं. २ (साविक ताम्चेन दुधपोखरी गा.वि.स. वडा नं. ४) । बाबु : मान बहादुर तामाङ । बाजे : कृष्ण बहादुर तामाङ । | **ख.लिलाम बिक्री हुने सम्पत्तिको विवरण :** १. **आङदोर्जे तामाङ र आङ लाक्पा तामाङ**को संयुक्त नाममा मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता कायम रहेको दोलखा जिल्ला भुसाफेदा गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९, कित्ता नं. ५७० को क्षेत्रफल ३९८५.०० (व.मि.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ......१ २. ऋणी जमुना क्याफेको स्टक तथा चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण......१ |

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभाग र **शाखा कार्यालय हत्तिगौडा, काठमाण्डौबाट** प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभाग र **शाखा कार्यालय हत्तिगौडा काठमाण्डौमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**

**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**

**फोन नं. : ०१-५७१९०००**

Size: 3x24